# माङ्सेबुङ गाउँपालिका

# इलाम

## गाउँसभाको १४ औं अधिवेशन

(२०८० चैत्र २६ गते सोमबार)

को

# उपस्थिति, प्रस्ताव तथा निर्णयहरु

# माङसेबुङ गाउँपालिका
## इलाम

आज मिति : २०८० चैत्र २६ गते सोमबारका दिन यस माङसेबुङ गाउँपालिकाका अध्यक्ष श्री हेमन्त राईको अध्यक्षतामा बसेको गाउँसभाको १४ औं अधिवेशनमा देहायको उपस्थितिमा तपशील बमोजिमको प्रस्ताव उपर छलफल गरी तपशील बमोजिमको निर्णय गरियो :

उपस्थिति :

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हेमन्त राई | अध्यक्ष | |
| २ | श्री विनोद कुमार नेम्बाङ | उपाध्यक्ष | |
| ३ | श्री भुपाल योङहाङ | सदस्य | |
| ४ | श्री कृष्ण बहादुर बस्नेत | सदस्य | |
| ५ | श्री लक्षुमन राई | सदस्य | |
| ६ | श्री नवीन लिम्बू | सदस्य | |
| ७ | श्री नरेन्द्र कुमार राई | सदस्य | |
| ८ | श्री प्रदिप साङपाङ | सदस्य | |
| ९ | श्री डिक माया लुहागुन | सदस्य | |
| १० | श्री प्रमिता धमला विश्वकर्मा | सदस्य | |
| ११ | श्री हस्त कुमारी लिम्बू | सदस्य | |
| १२ | श्री पुनम साम्बाहाम्फे | सदस्य | |
| १३ | श्री सुमन राई | सदस्य | |
| १४ | श्री सिर्जना मगराती | सदस्य | |
| १५ | श्री ठग बहादुर श्रेष्ठ | सदस्य | |
| १६ | श्री मीन प्रसाद लिम्बू | सदस्य | |
| १७ | श्री विष्णुमाया राना मगर | सदस्य | |
| १८ | श्री मन कुमार लिम्बू | सदस्य | |
| १९ | श्री मनि प्रसाद राई | सदस्य | |

| क्र.सं. | नाम | पद | दस्तखत |
| --- | --- | --- | --- |
| २० | श्री सुशिला सासंखर | सदस्य | |
| २१ | श्री देउमान साम्बा | सदस्य | |
| २२ | श्री सूर्य कुमार राई | सदस्य | |
| २३ | श्री कल्पना राई | सदस्य | |
| २४ | श्री गोमा देवी वि. क. | सदस्य | |
| २५ | श्री टेकमान लिम्बू | सदस्य | |
| २६ | श्री धन बहादुर राई | सदस्य | |
| २७ | श्री तिलरुपा सबेहाङ | सदस्य | |
| २८ | श्री गंगा माया विश्वकर्मा | सदस्य | |
| २९ | श्री वीर बहादुर कुरुम्बाङ | सदस्य | |
| ३० | श्री सुरेन्द्र तुम्बाहाम्फे लिम्बू | सदस्य | |
| ३१ | श्री धन कुमारी विश्वकर्मा | सदस्य | |
| ३२ | श्री खगेन्द्र खड्का | सदस्य | |
| ३३ | श्री दिवस राई | सदस्य | |
| ३४ | श्री विनोद कुमार चौहान | सचिव (प्र. प्र. अ.) | |

माङसेबुङ गाउँपालिका, गाउँसभाको १४ औं अधिवेशन (२०८०/१२/२६) मा उपस्थित कर्मचारीहरु

| क.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री मञ्जु भट्टराई | आर्थिक प्रशसन प्रमुख | |
| २ | श्री बुद्धि प्रसाद खतिवडा | शिक्षा, युवा तथा खेलकूद शाखा प्रमुख | |
| ३ | श्री मनिमा भट्टराई | अधिकृत सातौं | |
| ४ | श्री प्रदीप कुमार राई | स्वास्थ्य शाखा प्रमुख | |
| ५ | श्री विवेक कुमार दास | कृषि शाखा प्रमुख | |
| ६ | श्री दिपेश कुमार दास | रोजगार संयोजक | |
| ७ | श्री मनोज ठगुन्ना | पशु सेवा शाखा प्रमुख | |
| ८ | श्री ओम प्रकाश खड्का | सूचना प्रविधि अधिकृत | |
| ९ | श्री सुरज अधिकारी | कृषि अधिकृत | |
| १० | श्री युवराज दाहाल | अधिकृतस्तर छैटौं (प्राविधिक) | |
| ११ | श्री पुष्कर कार्की | अधिकृतस्तर छैटौं (प्राविधिक) | |
| १२ | श्री राम दुलाल | सहायक पाँचौं, लेखा | |
| १३ | श्री उमेश खत्री | कम्प्युटर अपरेटर | |
| १४ | श्री सुलभ दाहाल | सहायक पाँचौं, प्रशासन | |
| १५ | श्री युवराज खनाल | प्राविधिक सहायक, शिक्षा | |
| १६ | श्री हेमसागर घिमिरे | सहायक चौथौ | |
| १७ | श्री मन कुमार मगर | एम.आइ.एस. अपरेटर | |
| १८ | श्री सुरेश राई | रोजगार सहायक | |
| १९ | श्री चन्द्र बहादुर कार्की | प्राविधिक सहायक (प्र.म.रो.) | |
| २० | श्री भेषराज भट्टराई | पशु स्वास्थ्य प्राविधिक | |
| २१ | श्री प्रविण मुखिया | पशु स्वास्थ्य प्राविधिक | |
| २२ | श्री हेमन्त राई | अ. हे. व. | |
| २३ | श्री निरुपा राई | जे. टि. ए. (कृषि प्राविधिक) | |
| २४ | श्री गोमा गौतम | प्राविधिक सहायक (कृषि) | |
| २५ | श्री करणसिंह धामी | ना.प.से.प्रा. | |
| २६ | श्री लता चालिसे | स. म. वि. नि. | |
| २७ | श्री दिपेन्द्र बहादुर शाही | उद्यम विकास सहजकर्ता | |

| | | | |
|---|---|---|---|
| २८ | श्री नवीन खनाल | उद्यम विकास सहजकर्ता | |
| २९ | श्री मचिन्द्रराज योङहाङ | फिल्ड सहायक | |
| ३० | श्री प्रवेश लिम्बू | अमिन | |
| ३१ | श्री चण्डिका लिम्बू | सि.बि.आर.एफ. | |
| ३२ | श्री विपिन खुलाल | वित्तीय साक्षरता सहजकर्ता | |
| ३३ | श्री विद्या लिम्बू | मनोसामाजिक परामर्शकर्ता | |
| ३४ | श्री मनिहाङमा साम्बा | अपांगता सहायता सहजकर्ता | |
| ३५ | श्री अश्विन कार्की | सामाजिक परिचालक | |
| ३६ | श्री धन कुमार लिम्बू | रिटर्नी स्वयंसेवक | |
| ३७ | श्री ठगेन्द्र राना मगर | रिटर्नी स्वयंसेवक | |
| ३८ | श्री सन्तोष कुमार लिम्बू | रिटर्नी स्वयंसेवक | |
| ३९ | श्री प्रविण कुमार राई | हलुका सवारी चालक | |
| ४० | श्री टेकराज बस्नेत | हलुका सवारी चालक | |
| ४१ | श्री डक बहादुर जोशी | कार्यालय सहयोगी | |
| ४२ | श्री दिनेश लिम्बू | कार्यालय सहयोगी | |
| ४३ | श्री पुरण लिम्बू | कार्यालय सहयोगी | |
| ४४ | श्री प्रकाश कार्की | फिल्ड सहयोगी | |
| | | | |
| | | | |
| | | | |

# माङसेबुङ गाउँपालिका
## इलाम

## गाउँसभाको १४ औं अधिवेशन

---

**स्थान:** गाउँपालिकाको सभाकक्ष, माङसेबुङ - २, इभाङ, इलाम

**सञ्चालक :** अध्यक्ष श्री हेमन्त राई

**बैठक मिति :** २०८०/१२/२६ गते सोमबार

**बैठक संख्या :** १

प्रस्तावहरु:

१. संशोधित बजेट, योजना तथा कार्यक्रम सम्बन्धमा ।

२. विविध ।

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १४ औं अधिवेशनबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।*

हेमन्त राई
(अध्यक्ष)
माङसेबुङ गाउँपालिका
इलाम

**निर्णयहरु :**

१. गाउँसभा र नगरसभा सञ्चालनका लागि गाउँ कार्यपालिकाको बैठकबाट निर्णय भई गाउँसभाको बैठकमा अनुमोदनका लागि पेश भएका संशोधित बजेट, योजना तथा कार्यक्रम स्वीकृत गर्ने । (अनुसूची : १)

२. विविध : गाउँ कार्यपालिकाका विभिन्न बैठकहरुबाट निर्णय भई आएका विविध विषयहरुलाई अनुमोदन गर्ने । (अनुसूची : २)

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १४ औं अधिवेशनबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।*

हेमन्त राई
(अध्यक्ष)
माङसेबुङ गाउँपालिका
इलाम

# माङसेबुङ गाउँपालिका
## इलाम

## गाउँसभाको १४ औं अधिवेशन

अनुसूची : १ (संशोधित बजेट, योजना तथा कार्यक्रम)

| क. सं. | साबिक योजना | संशोधन/रकमान्तर | |
|---|---|---|---|
| १ | अनुगमन मूल्यांकन खर्च (रु. ५० हजार), स्वास्थ्य तर्फ | अनुगमन मूल्यांकन खर्च (रु. ३० हजार) | |
| २ | प्रोजेक्टर खरिद (रु. ५५ हजार), स्वास्थ्य तर्फ | प्रोजेक्टर खरिद (रु. ७५ हजार) | |
| ३ | सरस्वती आ. वि. सञ्चालन तथा व्यवस्थापन कार्यक्रम (रु. १ लाख) वडा नं. ४ | देवीथान जमुने खानेपानी ट्याङ्की निर्माण (रु. १ लाख) वडा नं. ४ | |
| ४ | ५०% साझेदारीमा प्लाष्टिक टनेल खरिद तथा वितरण (रु. १ लाख ७५ हजार) | ५०% साझेदारीमा प्लाष्टिक टनेल खरिद तथा वितरण (रु. २ लाख ३६ हजार ५००) | ५० % साझेदारीमा प्लाष्टिक मल्चिङ खरिद तथा वितरण कार्यक्रम (रु. ९० हजार) बाट रु. ६२ हजार ५०० थप गरिएको |
| ५ | ५० % साझेदारीमा प्लाष्टिक मल्चिङ खरिद तथा वितरण कार्यक्रम (रु. ९० हजार) | ५० % साझेदारीमा प्लाष्टिक मल्चिङ खरिद तथा वितरण कार्यक्रम (रु. २७ हजार ५००) | रु. ६२ हजार ५०० घटाइएको |
| ६ | युनिसेफ रेडक्रस खानेपानी मर्मत (रु. १ लाख) | रेडक्रस खानेपानी मर्मत (रु. १ लाख) | वडा नं. १ |
| ७ | अभिभावक सीप विकास तालिम (रु. ३ लाख) | अभिभावक सचेतना कार्यक्रम, वडा नं. ४ (रु. ३ लाख) | सरस्वती आ. वि. ले सञ्चालन गर्ने |

| क्र. सं. | साबिक योजना | संशोधन/रकमान्तर | कैफियत |
|---|---|---|---|
| ८ | पाकुम्वा खानेपानी मर्मत (रु. ५० हजार) | देउराली खानेपानी मर्मत (रु. १ लाख ५० हजार) (यो शीर्षकमा जम्मा रु. २ लाख भयो) | १ नं. वडाको कार्यक्रम |
| ९ | बुदुनेटार र फेवा दोभान घाट निर्माण (रु. ५० हजार) | | |
| १० | साबिक ६ नं. खानेपानी मर्मत(रु. ५० हजार | | |
| ११ | पुरानो स्वास्थ्य चौकी मर्मत (रु. १ लाख) | वडा कार्यालय भवन मर्मत (रु. १ लाख) | |
| १२ | साबिक ६ नं. खानेपानी मर्मत (रु. ५० हजार) | कृषि विकास कार्यक्रम (रु. ५० हजार) | |
| १३ | खोपीगाउँ आचार्यगाउँ र वडा परिसर खानेपानी मर्मत (रु. ३ लाख) | नावालुङ बजार खानेपानी मर्मत (रु. ३ लाख) | |
| १४ | प्रहरी बिट मर्मत (रु. १ लाख) | प्रहरी बिट निर्माण (रु. १ लाख) | |
| १५ | गजुरमुखी धाम सौन्दर्यकरण (२० लाख) | गजुरमुखी धाम सडक निर्माण (रु. ८ लाख) | |
| १६ | बालबालिका, ज्येष्ठ नागरिक, अपांग, दलित, आ. ज. विकास कार्यक्रम वडा नं. १ (रु. १ लाख) | खेलकूद विकास कार्यक्रम (रु. १ लाख) | |

| क्र सं. | साबिक शीर्षक/योजना/कार्यक्रम | रकम रु. | संशोधित शीर्षक/योजना/कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १७ | लेखा सम्बन्धी अन्तरपालिका अन्तरक्रिया | ५००००० | पारिश्रमिक कर्मचारी | १०००००० |
| १८ | वडा नं. ४ मा तामाको अचार प्रवर्द्धन | ५००००० | | |
| १९ | गाई पालन कार्यक्रम बाछी वितरण | १६००००० | सवारी साधन मर्मत खर्च | ८००००० |
| | | | राँके गैंडे सडक | ८००००० |
| २० | उत्कृष्ट कर्मचारी सम्मान | ३००००० | खेलकूद तथा राष्ट्रपति रनिङ शिल्ड | ५२०००० |
| २१ | जैविक विषादि तथा जैविक मल सम्बन्धी तालिम | १२०००० | | |

| | | | | |
|---|---|---|---|---|
| २२ | ५०% साझेदारीमा युवा लक्ष्यित कार्यक्रम | १००००० | | |
| २३ | औषधि उपचार खर्च (पदाधिकारी तथा कर्मचारी) | ५००००० | विद्युतीय सामान ढुवानी | १०००००० |
| २४ | किओचसँग साझेदारी (बाल अस्पताल) | ५००००० | | |
| २५ | मालबाँसे प्रगतिचोक र सातबिसे विद्युत विस्तार | ११००००० | जनता आ. वि. सिङफेरे जस्तापाता | २००००० |
| | | | जनता आ. वि. घेराबारा | ३००००० |
| | | | इभाङ मा. वि. मर्मत | ५००००० |
| | | | जयश्वरी आ वि डेस्कटप खरिद | १००००० |
| २६ | अन्तरपालिका साझेदारी कार्यक्रम | १५००००० | डोलटार बाटो | ७००००० |
| | | | बागमारा रतुवा खोला काठे पुल | २००००० |
| | | | गुरुङगाउँ सिङलाबू सडक | ३००००० |
| | | | टोल विकास भवन खुन्द्रुका | ३००००० |
| २७ | गाई पालन कार्यक्रम | ८५०००० | विविध खर्च | ५००००० |
| | | | खेलकूद तथा राष्ट्रपति रनिङ शिल्ड | ४०००० |
| | | | लामिटार ग्रामीण खानेपानी | ३००००० |
| २८ | गजुरमुखी धाम सौन्दर्यकरण | १२००००० | जीवनज्योति रेलिङ निर्माण | ४००००० |
| | | | खोलागाउँ बताहा सडक | १०००० |
| | | | प्रहरी चौकी विश्राम स्थल | २००००० |
| | | | रेडक्रस आदिपुर वाल निर्माण | ३००००० |

| | | | | |
|---|---|---|---|---|
| | | | भालुटार यलम्बर शालिक | ३००००० |
| २९ | अध्ययन तथा अवलोकन | १०००००० | पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन | १०००००० |
| ३० | लागत साझेदारी कार्यक्रम | ८००००० | खोलागाउँ बताहा सडक | ४५०००० |
| | | | ५ नं. वडा कार्यालय तथा परिसर मर्मत | ३५०००० |
| ३१ | स्वास्थ्य शिविर सञ्चालन (स्वास्थ्य तर्फ) | २५०००० | ल्याबको सामान खरिद | २५०००० |
| ३२ | अन्य फिर्ता | ३०००००० | डोलटार खेलमैदान मर्मत | १९२०००० |
| | | | जनता कल्याण आ वि दहगाउँ घेराबारा | ३००००० |
| | | | दमार साकफारा सडक | १६०००० |
| | | | यूवा तथा खेलकूद | ३००००० |
| | | | खेलकूद तथा राष्ट्रपति रनिङ शिल्ड | ३२०००० |
| ३३ | प्राविधिक विषय अध्ययनका लागि छात्रवृत्ति (शिक्षा) | ३५०००० | खेलकूद तथा राष्ट्रपति रनिङ शिल्ड | १००००० |
| | | | वडा नं. ५ खेलकूद | २५०००० |
| ३४ | अन्य फिर्ता रकम | ८५००००० | अध्यक्ष विकास कार्यक्रम | ४०००००० |
| | | | उपाध्यक्ष विकास कार्यक्रम | ३०००००० |
| | | | कृषि प्रोत्साहन | १५००००० |
| | जम्मा रु. | २२६७०००० | | २२६७०००० |

## अध्यक्ष विकास कार्यक्रम

| क्र.सं. | शीर्षक | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | विद्यालय कार्यक्रम | माङसेबुङ | ७ लाख |
| क | सिंहश्वरी आधारभूत विद्यालय | माङसेबुङ-६ | कम्प्युटर, डेक्सटप तथा प्रिन्टर खरिद |
| ख | सिंहदेवी आधारभूत विद्यालय | माङसेबुङ-२ | |
| ग | माङमालुङ आधारभूत विद्यालय | माङसेबुङ-६ | |
| घ | मन्डिका आधारभूत विद्यालय | माङसेबुङ-१ | |
| ङ | जनज्योति आधारभूत विद्यालय | माङसेबुङ-४ | |
| च | पवित्रा आधारभूत विद्यालय | माङसेबुङ-३ | |
| छ | खाम्नुवा आधारभूत विद्यालय | माङसेबुङ-२ | |
| ज | बालदिप आधारभूत विद्यालय | माङसेबुङ-३ | |
| झ | चन्द्रेश्वरी आधारभूत विद्यालय | माङसेबुङ-६ | |
| २ | मन्डिका आधारभूत विद्यालय रंगरोगन | माङसेबुङ-१ | ५० हजार |
| ३ | इभाङ आधारभूत विद्यालय रंगरोगन | माङसेबुङ २ चारसुरे | १ लाख |
| ४ | सिंहेश्वरी आधारभूत विद्यालय मर्मत | माङसेबुङ ६ | १ लाख |
| ५ | चन्द्रेश्वरी आधारभूत विद्यालय रेलिङ | माङसेबुङ ६ | १ लाख |
| ६ | सुवास नेम्वाङ प्रतिष्ठान इलाम | इलाम | २ लाख |
| ७ | चुनिया खानेपानी मर्मत | माङसेबुङ ५ | १ लाख |
| ८ | मझुवा माङहिम मर्मत | माङसेबुङ ५ | १ लाख |
| ९ | जोसमोनि विष्णुलय मन्दिर मर्मत | माङसेबुङ ६ | १ लाख |
| १० | मञ्जिरे सडक स्तरउन्ती | माङसेबुङ ६ | १ लाख |
| ११ | सनम पोल्टि फार्म | माङसेबुङ ४ | १ लाख |
| १२ | कोलनी खानेपानी टंकी निर्माण | माङसेबुङ ४ | १ लाख |

| | | | |
|---|---|---|---|
| १३ | जोसमोनि सडक निर्माण | माङसेबुङ ६ | १ लाख |
| १४ | झेपाले खानेपानी निर्माण | माङसेबुङ ६ | २ लाख |
| १५ | सिक्तेम्बे खानेपानी निर्माण | माङसेबुङ ४ | २ लाख |
| १६ | गैरीगाउँ खानेपानी मर्मत | माङसेबुङ १ | १ लाख |
| १७ | सिसिरबोटे खानेपानी मर्मत | माङसेबुङ १ | १ लाख |
| १८ | राईगाउँ खानेपानी मर्मत | माङसेबुङ १ | १ लाख |
| १९ | चारपैरे खानेपानी पाइप खरिद | माङसेबुङ ४ | १ लाख |
| २० | पञ्चकन्या देवीस्थल मर्मत | माङसेबुङ १ | १ लाख |
| २१ | माङमालुङ चापेति खेलकुद क्लब | माङसेबुङ २ | १ लाख |
| २२ | पत्रकार महासंघ इलाम | इलाम | १ लाख |
| २३ | कदम थिएटर | दमक | ५० हजार |
| २४ | चुलिचुली रंगमञ्च | इलाम | ५० हजार |
| २५ | प्रथम चतुरे खेलकुद तथा बृहत साँस्कृतिक कार्यक्रम | माङसेबुङ ३ | १ लाख |
| २६ | क्यालेण्डर निर्माण | माङसेबुङ | १ लाख ५० हजार |
| २७ | भीमसेनथान मन्दिर मर्मत | माङसेबुङ २ | १ लाख |
| २८ | बाँझोगाउँ चर्च | माङसेबुङ ६ | १ लाख |
| २९ | नेपालवाणी एफ. एम. | इलाम | ५० हजार |
| ३० | इलाम एफ. एम. | इलाम | ५० हजार |
| ३१ | लिम्बू विद्यार्थी मञ्च (अन्तर्राष्ट्रिय सम्मेलन) | | ५० हजार |
| ३२ | किरात याक्थुङ चुम्लुङ इलाम | इलाम | ५० हजार |
| ३३ | किरात राई यायोक्खा इलाम | इलाम | ५० हजार |

| | | | |
|---|---|---|---|
| ३४ | पत्रकार मञ्च दमक | दमक | १ लाख |
| ३५ | फोनिज इलाम | इलाम | ५० हजार |
| | **जम्मा** | | ४० लाख |

## उपाध्यक्ष विकास कार्यक्रम

| क्र. सं. | शीर्षक | ठेगाना | रकम रु. |
|---|---|---|---|
| १ | बनेली सिक्तेन टोल सडक | माङसेबुङ-४ | ५ लाख |
| २ | तेगोबुङ सेपेनीपाटा सार्वजनिक शौचालय निर्माण | माङसेबुङ-५ | ५ लाख |
| ३ | दुम्से बाँके खानेपानी मर्मत | माङसेबुङ-३ दुम्से | ३ लाख ५० हजार |
| ४ | महिला स्वास्थ्य कार्यक्रम | माङसेबुङ | २ लाख |
| ५ | चिसोपानी कभर्ड हल रंगरोगन | माङसेबुङ-६ | ५ लाख |
| ६ | ह्युमपाइप खरिद | माङसेबुङ | २ लाख |
| ७ | फिजरा मुल सडक स्तरोन्नती | माङसेबुङ-१ | २ लाख ५० हजार |
| ८ | रत्न शालिक सौन्दर्यकरण | माङसेबुङ-२ | २ लाख |
| ९ | साङरेम, खोलागाउँ माहुरी पालन कार्यक्रम | माङसेबुङ-१ | १ लाख ५० हजार |
| १० | नन्देटार खोर्सानि सडक | माङसेबुङ-६ | १ लाख ५० हजार |
| | **जम्मा** | | **३० लाख** |

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १४ औं अधिवेशनबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु ।*

हेमन्त राई
(अध्यक्ष)
माङसेबुङ गाउँपालिका, इलाम

# माङसेबुङ गाउँपालिका
## इलाम

## गाउँसभाको १४ औं अधिवेशन

अनुसूची : २ (विविध)

**देहाय बमोजिम भए/गरेका कार्यलाई अनुमोदन गर्ने :**

क) आ. व. २०८०/०८१ मा माङसेबुङ गाउँपालिका क्षेत्रबाट निकासी हुने विभिन्न कृषिजन्य, पशुजन्य, वनजन्य तथा अन्य तोकिएका वस्तुहरुको निकासी कर संकलन गर्ने प्रयोजनका लागि न्यूनतम ठेक्का रकम रु. १५ लाख (भ्याट बाहेक) राखी बोलपत्र आह्वान गर्दा कुनै पनि बोलपत्र पेश हुन नआएकोले मिति : २०८०/०४/०४ को स्थानीय राजस्व परामर्श समितिको बैठकको निर्णय समेतका आधारमा न्यूनतम ठेक्का अंक रु.१०,००,०००।० राखी पुन बोलपत्र आह्वान गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०४/०४ को निर्णय सदर गर्ने ।

ख) देउमाई खोला र फेवा खोलाबाट ढुंगा, गिट्टी, बालुवा उत्खनन्, संकलन तथा निकासीका लागि न्यूनतम कबोल अंक रु. १३ लाख २५ हजार (मू. अ. कर बाहेक) राखी ठेक्का प्रक्रिया अगाडि बढाउने गाउँ कार्यपालिकाको मिति : २०८०/०४/०४ को निर्णय सदर गर्ने ।

ग) कार्यालय परिसरमा जीर्ण अवस्थामा रहेको मोटरसाइकल पार्किङस्थल मर्मत गर्ने र सो बापतको खर्च चालू आ. व. को स्वीकृत बजेटको 'विविध कार्यक्रम खर्च' शीर्षकबाट व्यहोर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०४/०४ को निर्णय सदर गर्ने ।

घ) यस माङसेबुङ गाउँपालिकाको चालू आर्थिक वर्षको लागि स्वीकृत बजेटको 'विविध कार्यक्रम खर्च' शीर्षकबाट व्यहोर्ने गरी कार्यालयमा जडान गरिएको इन्टरनेटको स्तरोन्नति गर्ने तथा उच्च क्षमतायुक्त उपकरणहरु समेत जडान गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०४/०४ को निर्णय सदर गर्ने ।

ङ) आ. व. २०८०/०८१ मा माङसेबुङ गाउँपालिकाका विभिन्न नाकाहरुबाट निकासी कर संकलन गर्ने कार्यका लागि फक्तालुङ निर्माण सेवा, दमक, झापाको बोलपत्र स्वीकृत भएको आशयको सूचना मिति : २०८०/०४/२२ मा जारी गरिएको र निजलाई ७ (सात) दिनको म्याद राखी मिति सम्झौता गर्न आउने बारे मिति : २०८०/०४/२९ गते पत्राचार समेत गरिएको । निज निर्माण सेवाले कबोल गरेको अंकमा नियमानुसार १०% छुट लिई बाँकी हुन आउने रकम अग्रीम रुपमा एकमुष्ठ बुझाएर ठेक्का सम्झौता गर्न चाहेकोले सम्झौता गर्ने म्याद १५ दिन थप गरिदिन हुन भनी निवेदन पेश गरेको हुँदा गाउँपालिकाको राजस्व संकलनको आवश्यकता समेतलाई मध्यनजर गरी निज फक्ताङलुङ निर्माण सेवालाई रकम जम्मा गर्ने १५ दिनको थप म्याद दिई ठेक्का सम्झौता प्रक्रिया अगाडि बढाउने गाउँ कार्यपालिकाको मिति : २०८०/०५/२२ को निर्णयलाई अनुमोदन गर्ने ।

च) माङसेबुङ गाउँपालिकाभित्र रहेका प्रहरी चौकीहरुलाई प्रति चौकी रु. १८,०००।० का दरले तथा सशस्त्र प्रहरी कार्यालयलाई रु. २८,०००।० मौलो पूजाका लागि खर्च सहयोग गर्ने । 'विविध कार्यक्रम' शीर्षकबाट उक्त खर्च व्यहोर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०६/२४ को निर्णय अनुमोदन गर्ने ।

छ) 'आयोजना व्यस्थापन' शीर्षकबाट देहायका रकम भुक्तानी गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०६/२४ को निर्णय अनुमोदन गर्ने ।

- ✓ प्राविधिक स्टिमेटका आधारमा दुर्गम आ. वि., झिल्केमा शौचालय निर्माण गर्ने ।
- ✓ प्राविधिक स्टिमेटका आधारमा कोलेनी अजिंगरे सडक निर्माण गर्ने

ज) २०८० सालको कार्तिक पूर्णिमाको अवसरमा परम्परागत रुपमा माङसेबुङ गाउँपालिका वडा नं. १ को गजुरमुखी धाममा गरिँदै आएको धार्मिक पूजा गर्नको लागि 'विविध कार्यक्रम खर्च' शीर्षकबाट बिल बमोजिम बढीमा रु. ५० हजार व्यहोर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०६/२४ को निर्णय अनुमोदन गर्ने ।

झ) माङसेबुङ गाउँपालिकाको  चालू आ. व. २०८०/०८१ को स्वीकृत कार्यक्रम अन्तर्गत 'उर्जा विकास कार्यक्रम' अन्तर्गत विनियोजित रकम रु. १० लाखलाई खर्च गर्ने सम्बन्धमा आन्तरिक स्रोतमा विनियोजित रु दशलाख बाट देहाय बमोजिम सौर्य उर्जा प्रणाली खरिद गरी जडान गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०८/१५ को निर्णय अनुमोदन गर्ने ।

<u>देहाय</u> :

(क) सडक सौर्य बत्ती : ५ स्थानमा (वडा नं. १, २, ३, ४ र ५ नं. वडा कार्यालयहरुमा) अनुमानित रकम रु. ५ लाख

(ख) घरेलु सौर्य उर्जा प्रणाली जडान : २० थान (सबै वडाहरुका लागि) अनुमानित रकम रु. ४ लाख (यसमध्ये रु. १ लाख बराबरको घरेलु सौर्य उर्जा प्रणाली वडा नं. ६ लाई मात्र वितरण गरिने र बाँकी घरेलु सौर्य उर्जा प्रणाली समेत वडा नं. ६ लाई भाग लाग्ने )

(ग) ढुवानी तथा प्रशासनिक खर्च : रु. १ लाख

(कुल रकम ननाघ्ने गरी उल्लेखित रकममा प्राविधिक लागत अनुमान अनुसार केही थपघट हुन सक्नेछ)

ञ) पूर्वाञ्चल विश्वविद्यालयको संस्थागत सुधार मार्फत् न्यायमा पहुँच अभिवृद्धि परियोजना - २ र Clinical Legal Education कार्यक्रम अन्तर्गत यस गाउँपालिका अन्तर्गत रहेर साामुदायिक माध्यमिक विद्यालय र समुदायमा कानूनी सचेतना कार्यक्रम सञ्चालन गर्ने कानून संकायमा स्नातक तह (BALLB) का विद्यार्थीहरु स्वस्तिका खत्री र लिला धामीले उक्त कार्यक्रमका सम्बन्धमा गरेको खर्च कार्यालयको 'विविध कार्यक्रम खर्च' बाट भुक्तानी दिने गाउँ कार्यपालिकाको मिति : २०८०/०८/१५ को निर्णय अनुमोदन गर्ने ।

ट) देहाय बमोजिम जीविकोपार्जनका पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (STLRP) कार्यक्रम कार्यन्वयन गर्ने । साथै सो रकम गाउँपालिकाको चालू आ. व. को स्वीकृत बजेटको 'समपुरक कोष' बाट व्यहोर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/०८/१५ को निर्णय अनुमोदन गर्ने ।

| क्र. सं. | क्रियाकलापको नाम | एकाई | संख्या | दर | जम्मा बजेट | 'जीविकोपार्जन पुनरुत्थानका लागि दिगो पर्यटन परियोजना (STLRP)' बाट | गाउँपालिकाबाट | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| **क.** | **पर्यटन पूर्वाधार निर्माण** | | | | | | | |
| **१.** | **किरात पदमार्ग निर्माण (माङसेबुङदेखि फक्तालुङसम्म) माङसेबुङ गाउँपालिका खण्डमा** | | | | | | | |
| अ. | पदमार्ग निर्माण | वटा | १ | २०,००,०००।- | २०,००,०००।- | ९,५६,९३७।८० | १०,४३,०६२।२० | पालिकाको साझेदारी |
| आ. | अँधेरी झरना पर्यटन गन्तव्य निर्माण | वटा | १ | ७,५०,०००।- | ७,५०,०००।- | ३,५८,८५१।६७ | ३,९१,१४८।३३ | पालिकाको साझेदारी |
| इ. | पर्यटक विश्राम | वटा | २ | ४,००,०००।- | ८,००,०००।- | ३,८२,७७५।१२ | ४,१७,२२४।८८ | पालिकाको साझेदारी |
| **ख** | **पर्यटनमा आधारित उद्यमहरु सिर्जना/तालिम** | | | | | | | |
| १. | होमस्टे तालिम/उद्यमहरु सिर्जना | वटा | १ | ३,००,०००।- | ३,००,०००।- | १,४३,५४०।६७ | १,५६,४९।३३ | पालिकाको साझेदारी |
| **ग** | **संकेत चिह्न/फोहोर संकलन** | | | | | | | |
| १. | पर्यटकीय संकेत चिह्न (Signage) : प्लाष्टिक फोहोरबाट पुन प्रयोग गरी निर्माण गर्ने | वटा | ४० | ३,५००।- | १,४०,०००।- | ६६,९८५।६५ | ७३,०१४।३५ | पालिकाको साझेदारी |
| २. | फोहोर संकलन (बिन्स) जडान | वटा | ४० | ३,०००।- | १,२०,०००।- | ५७,४१६।२७ | ६२,५८३।७३ | पालिकाको साझेदारी |
| **घ** | **आयोजना सञ्चालन खर्च/विविध** | | | | | | | |
| १. | व्यवस्थापन (अनुगमन, प्रतिवेदन, मसलन्द, समन्वय आदि) | वटा | १ | ६०,०००।- | ६०,०००।- | २८,७०८।१३ | ३१,२९१।८७ | पालिकाको साझेदारी |
| २. | मिडिया/पत्रकार भ्रमण, भिडियो/समाचार तयारी, सफलताको कथा | वटा | १ | १०,०००।- | १०,०००।- | ४,७८४।६९ | ५,२१५।३१ | पालिकाको साझेदारी |
| | जम्मा | | | ४१,८०,०००। | १०,०००।- | २०,००,०००।- | २१,८०,०००।- | |
| | गाउँपालिकाले गर्ने साझेदारी | | | | | | ७,४५,७८९।४७ | |
| | उपभोक्ता समितिले गर्ने साझेदारी | | | | | | १४,३४,२१०।५३ | |
| | | | | | | | | |

ठ) हाल माङसेबुङ गाउँपालिका, वडा नं. ६ मा रहेको साबिकको बाँझो गा. वि. सं. भवन स्वीकृत प्राविधिक स्टिमेटका आधारमा मर्मत तथा रंगरोगन गर्ने । सो मर्मत बापतको खर्च 'मर्मत सम्भार' शीर्षकबाट व्यहोर्ने । उक्त कार्य उपभोक्ता समितिबाट तत्काल सञ्चालन गर्ने । साथै सरकारी भवनमा उक्त कार्य गरिने हुँदा समितिबाट लागत सहभागिता जनाउन नपर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

ड) नाचुहाङ बाल विकास केन्द्रको उद्घाटन कार्यक्रम सञ्चालन गर्दा लागेको खर्च बिल, भरपाई तथा आवश्यक कागजातका आधारमा बिल बमोजिम चालू आ. व. को 'विविध कार्यक्रम' शीर्षकबाट व्यहोर्ने । गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

ढ) पैया खानेपानी उपभोक्ता समितिलाई पाइप बापतको खर्च लागत अनुमान, बिल, भरपाई तथा आवश्यक कागजातका आधारमा बिल बमोजिम चालू आ. व. को 'विपद् कोष' शीर्षकबाट व्यहोर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

ण) वडाहरुकै विपद् व्यवस्थापन शीर्षकबाट खर्च हुने गरी माङसेबुङ गाउँपालिकाका देहायका प्रहरी चौकीहरुलाई देहायका अग्नि नियन्त्रक यन्त्र खरिद तथा वितरण गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

**देहाय :**

| प्रहरी चौकीको नाम | सामान |
|---|---|
| १) इभाङ प्रहरी चौकी | : $CO_2$ Fire Extinguisher (१ थान) र $CO_2$ Fire Extinguisher (१ थान) |
| २) गजुरमुखी प्रहरी चौकी | : $CO_2$ Fire Extinguisher (१ थान) र $CO_2$ Fire Extinguisher (१ थान) |
| ३) श्री बाँझो प्रहरी चौकी | : $CO_2$ Fire Extinguisher (१ थान) र $CO_2$ Fire Extinguisher (१ थान) |
| ४) साकफारा प्रहरी चौकी | : $CO_2$ Fire Extinguisher (१ थान) र $CO_2$ Fire Extinguisher (१ थान) |
| ५) श्री गजुरमुखीधाम अस्थायी प्रहरी बिट: | $CO_2$ Fire Extinguisher (१ थान) र $CO_2$ Fire Extinguisher (१ थान) |
| ६) श्री सशस्त्र वेस क्याम्प | : $CO_2$ Fire Extinguisher (१ थान) र $CO_2$ Fire Extinguisher (१ थान) |
| ७) गाउँपालिका केन्द्रमा रहने | : $CO_2$ Fire Extinguisher (२ थान) र $CO_2$ Fire Extinguisher (२ थान) |

नोट : प्रहरी चौकीहरुमा जाने अग्नि नियन्त्रक यन्त्रहरुको भुक्तानी ६ वटा वडाहरुको विपद् व्यवस्थापन शीर्षकमा विनियोजित रकमबाट दिने र गाउँपालिकामा रहने अग्नि नियन्त्रक यन्त्रहरुको भुक्तानी गाउँपालिकाको विपद् व्यवस्थापन शीर्षकमा रहेको रकमबाट दिने ।

त) सशस्त्र प्रहरी बल, नेपाल, सुरक्षा वेश, बाँझोलाई १ (एक) थान डेक्स टप तथा प्रिन्टर खरिद गरी वितरण गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

थ) आर्थिक वर्ष २०८०/०८१ मा सडक बोर्ड अन्तर्गत यस माङसेबुङ गाउँपालिकालाई प्राप्त रु. २८ लाखमा गाउँपालिकाको रु. ७ लाख (२०%) थप गरी देहाय बमोजिम सडक मर्मत सम्भार गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

| क्र. सं. | सडकको नाम | कुल बजेट | गाउँपालिकाको समपूरक कोषबाट व्यहोरिने बजेट | सडक बोर्डबाट प्राप्त हुने बजेट |
|---|---|---|---|---|
| १ | रक्से साबिक गा. वि. स. भवन- स्वास्थ्य चौकी सडक मर्मत (वडा नं. ६) | ८ लाख | १ लाख ६० हजार | ६ लाख ४० हजार |
| २ | पञ्चमी बजार-बोहोरीटाङ -कभर्डहल - शान्तिमार्ग सडक मर्मत (वडा नं. ६) | ९ लाख | १ लाख ८० हजार | ७ लाख २० हजार |
| ३ | लाक्तपा-फोमी टर्निङ सडक मर्मत (वडा नं. ३) | ९ लाख | १ लाख ८० हजार | ७ लाख २० हजार |
| ४ | गजुरमुखी धाम-तोभाङ सडक मर्मत (वडा नं. १) | ९ लाख | १ लाख ८० हजार | ७ लाख २० हजार |

द) प्रदेश सशर्तबाट बाखापालनका लागि प्राप्त रु. ३० लाख वडा नं. ४ मा कार्यान्वयन गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

ध) २०८० साल माघ १ गते लागेको बताहा मेलाको व्यवस्थापन खर्च बापत् रु. ५०,०००।० खर्च 'विविध कार्यक्रम खर्च' बाट व्यहोर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

न) स्वीकृत स्टिमेट बमोजिम दुर्गा मा. वि. को भवन बनाउने स्थलमा खडेरी सम्याउने । सो रकम 'विपद् व्यवस्थापन' शीर्षकबाट खर्च गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

प) गत आ.व. मा सडक बोर्डबाट लामिटार भालुटार सडक मर्मत र मर्चेबुङ सिमलटार सडक मर्मतका लागि रु. १३,९१,५०३।० स्वीकृत भएकोमा रु. १०,९१,५०३।० मात्र प्राप्त भएकोले नपुग रु. ३,००,०००।० रकम समेत चालू आ. व. को समपूरक कोषबाट थप गरी भुक्तानी दिने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

फ) 'माङसेबुङ गाउँपालिकाको साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९', बमोजिम साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक टोल विकास संस्था वा उपभोक्ता समितिहरुबाट मिति : २०८०/०८/२० प्रस्तावना आह्वान गरेकोमा मिति : २०८०/१०/१७ मा बसेको 'साझेदारी कार्यक्रम प्रस्ताव मूल्यांकन समिति' को बैठकको निर्णय समेतका आधारमा देहायका योजनाहरु छनौट गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

देहाय :

| क्र.सं. | योजनाको नाम | कूल लागत रु. | कार्यालयको हिस्सा रु. | टो.वि.सं./उ.स. को साझेदारी रु. |
|---|---|---|---|---|
| १ | एवई सामुदायिक भवन निर्माण, माङसेबुङ - ६ | १०,००,०००।- | ५,००,०००।- | ५,००,०००।- |
| २ | शिवालय मन्दिर संरक्षण समिति, माङसेबुङ - २ | ४,२८,५७१।४३ | ३,००,०००।- | १,२८,५७१।४३ |
| ३ | विजय मण्डली चमेना गृह निर्माण, माङसेबुङ - २ | ३,३३,३३३।३३ | २,००,०००।- | १,३३,३३३।३३ |
| ४ | जागृति चर्च भवन निर्माण, माङसेबुङ - ३ | ८,००,०००।- | ४,००,०००।- | ४,००,०००।- |
| ५ | चन्द्रेश्वरी आ. वि. पर्खाल निर्माण, माङसेबुङ - ६ | ५,७१,४२६।५७ | ४,००,०००।- | १,७१,४२८।५७ |
| ६ | पारुहाङ साकेला पार्क निर्माण, माङसेबुङ - ६ | ५,७१,४२८।५७ | ४,००,०००।- | १,७१,४२८।५७ |

ब) माङसेबुङ गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत 'खेलकूद तथा राष्ट्रपति रनिङ शिल्ड' शीर्षकको रु. २० लाखबाट 'खेलाडी सम्मान कार्यक्रम' शीर्षकमा छुट्टिएको रु. २ बाट ओखलढुंगामा सञ्चालित 'कोशी प्रदेश स्तरीय अन्तर स्थानीय तह फुटबल प्रतियोगिता, २०८०' मा विजेता बन्न सफल माङसेबुङका खेलाडीहरुलाई सम्मान गर्ने । सो सम्मान कार्यक्रम सञ्चालन गरी सो को प्रतिवेदन तथा आवश्यक कागजात सहित भुक्तानी लिने जिम्मेवारी कार्यालयका सब इन्जिनियर श्री युवराज दाहाललाई दिने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/१८ को निर्णय अनुमोदन गर्ने ।

भ) माङसेबुङ गाउँपालिकाको चालू आर्थिक वर्षको स्वीकृत बजेट अन्तर्गत 'खेलकूद तथा राष्ट्रपति रनिङ शिल्ड' शीर्षकको रु. २० लाखलाई मिति : २०८०/१०/१८ मा बसेको गाउँ कार्यपालिकाको बैठकले गरेको बाँडफाँडलाई देहाय बमोजिम संशोधन गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१०/२८ को निर्णय अनुमोदन गर्ने ।

देहाय :

१) आत्मानन्द खेलकूद : १,५०,०००।०

२) पवित्राहाङमा फूटबल : १,५०,०००।०

३) आत्मानन्द खेल मैदान मर्मत (शालिक भञ्ज्याङ समेत) : १,००,०००।०

४) राष्ट्रपति रनिङ शिल्ड : ५,५०,०००।०

५) राष्ट्रपति रनिङ शिल्ड व्यवस्थापन : ५,८०,०००।०

६) सन्ध्या लिम्बू (वडा नं. १) र सलिना राई (वडा नं. २) लाई रु. २०,०००।०

७) गजुरमुखी खेल मैदान मर्मत : १,००,०००।०

८) खेलाडी सम्मान : २,००,०००।०

९) युवा तथा खेलकूद समितिलाई : १,५०,०००।०

म) माङसेबुङ गाउँपालिकामा निर्माण भएका साना सिंचाइ आयोजनाहरुको प्रमोशनल भिडियो निर्माण गर्ने र सो सम्बन्धमा इलाम मल्टिप्रपोज कम्पनी प्रा. लि. ले यसअघि पेश गरेको प्रस्तावनापत्र समेतका आधारमा उक्त फर्मसँग कार्यक्रम सम्झौता गरी काम अघि बढाउने । सो बापतको रकम चालू आर्थिक वर्षको स्वीकृत बजेटको 'पूँजीगत अनुसन्धान तथा परामर्श' शीर्षकबाट भुक्तानी दिने गाउँ कार्यपालिकाको मिति : २०८०/११/२९ को निर्णय अनुमोदन गर्ने ।

य) मिक्लाजुङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, मोरङले कार्यान्वयन गर्ने 'आइतबारे-दशमी-दाह्रेगौंडा' सडकको **तीनदोभाने खण्ड**को स्तरोन्नति गर्नका लागि यस कार्यालयबाट रु. ५ लाख साझेदारी गर्ने र सो बापत्को रकम चालू आर्थिक वर्षको 'अन्तरपालिका साझेदारी कार्यक्रम' शीर्षकबाट भुक्तानी दिने गाउँ कार्यपालिकाको मिति : २०८०/११/२९ को निर्णय अनुमोदन गर्ने ।

र) राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समितिको प. सं. ०८०/८१ च. नं. २०२, मिति : २०८०/१०/२२ को सहमती पत्र समेतका आधारमा माङसेबुङ गाउँपालिकाको चुरे क्षेत्र भएर बग्ने मावा खोलाबाट नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन्, संकलन र निकासीका लागि मिति : २०८०/१०/२९ मा हार्ड कपी मार्फत् शिलबन्दी बोलपत्र आह्वान गरेकोमा निर्धारित समयावधिभित्र कुनै पनि प्रस्तावना पेश हुन नआएकोले देहाय अनुसार हार्डकपी मार्फत् पुन ठेक्का प्रक्रिया अगाडि बढाउने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/१५ को निर्णय अनुमोदन गर्ने ।

देहाय :

| क्र. सं. | खोला | खण्ड/घाट/नाका | उत्खनन् परिमाण (घ. मि.) | कैफियत |
|---|---|---|---|---|
| १ | मावा खोला (वडा नं. ६) | मावा खोला घाट १ | ३५० | |
| २ | मावा खोला (वडा नं. ६) | मावा खोला घाट २ | ४०० | |
| | | **जम्मा परिमाण** | ७५०।- | |

ल) उपाध्यक्षले प्रयोग गरेको पुरानो मोटरसाइकल र वडाबाट फिर्ता भई आएका पुराना मोटरसाइकल तथा कार्यालयमा थन्किएर बसेका मोटरसाइकलहरुको आवश्यकता अनुसार मर्मत गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/१५ को निर्णय अनुमोदन गर्ने ।

व) सुरक्षित आप्रवासन (सामी) तर्फ गाउँपालिकाले विनियोजन गरेको रु. ५ लाख बजेट देहाय बमोजिम कार्यान्वयन गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/१५ को निर्णय अनुमोदन गर्ने ।

देहाय :

(क) वैदेशिक रोजगारबाट फर्केकाहरुको प्रोफाइल बनाउने : ३ लाख (ड्राफ्ट तयारी : रु. ५० हजार, प्रतिवेदनलाई पूर्णता दिने : रु. ५० हजार र प्रतिवेदन छपाई : रु. २ लाख)

(ख) ६ वटै वडाहरुमा वैदेशिक रोजगारी सम्बन्धी सचेतना कार्यक्रम : रु. १ लाख

(ग) आप्रवासी सहकारी प्रवर्द्धन कार्यक्रम र सहकारी शिक्षा कार्यक्रम (गाउँपालिकास्तरीय)

श) रेडियो तथा पत्रपत्रिका कार्यक्रम शीर्षकको रु. ८ लाखलाई देहाय बमोजिम बाँडफाँड गर्ने ।

देहाय :

१) किरात इङभो पान्जुम्भो (रु. १ लाख ३३ हजार)

२) माङसेबुङ पब्लिकेशन एण्ड मिडिया प्रा. लि. (रु. १ लाख ३३ हजार)

३) मेवानाम्बीन सञ्चार संस्था, (रु. १ लाख ३३ हजार)

४) नयाँ बुलन्द मल्टिमिडिया, प्रा. लि. (रु. १ लाख ३३ हजार)

५) हरप्रहर मिडिया प्रा. लि( रु. १ लाख ३३ हजार)

६) किरात मल्टिमिडिया प्रा. लि. (रु. १ लाख ३३ हजार)

ष) गजुरमुखी धाम आधारभूत स्वास्थ्य केन्द्रमा वाइरिङ गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/२५ को निर्णय अनुमोदन गर्ने ।

स) खलंगेको आमास संस्थालाई स्वास्थ्य शिविर गर्न रु. ५० हजार रकम साझेदारी गर्ने । सो बापतको रकम चालू आ. व. को स्वास्थ्य तर्फको 'स्वास्थ्य शिविर सञ्चालन' शीर्षकबाट भुक्तानी दिने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/२५ को निर्णय अनुमोदन गर्ने ।

ह) रेडियो तथा पत्रपत्रिका कार्यक्रम शीर्षकको रु. ८ लाखलाई देहाय बमोजिम बाँडफाँड गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/२५ को निर्णय अनुमोदन गर्ने ।

देहाय :

१) किरात इङभो पान्जुम्भो (रु. १ लाख ३३ हजार)

२) माङसेबुङ पब्लिकेशन एण्ड मिडिया प्रा. लि. (रु. १ लाख ३३ हजार)

३) मेवानाम्बीन सञ्चार संस्था, (रु. १ लाख ३३ हजार)

४) नयाँ बुलन्द मल्टिमिडिया, प्रा. लि. (रु. १ लाख ३३ हजार)

५) हरप्रहर मिडिया प्रा. लि( रु. १ लाख ३३ हजार)

६) किरात मल्टिमिडिया प्रा. लि. (रु. १ लाख ३३ हजार)

क्ष) संघीय तथा प्रदेश समपूरक कोषबाट ठेक्का लागेर बचेको रकमबाट सम्बन्धित बाटो स्तरोन्नति गर्नका लागि पुन ठेक्का आह्वान गर्ने । सो विषयलाई गाउँपालिकाको आगामी अधिवेशनबाट अनुमोदन गर्ने । निर्णय गर्ने र अनुमोदन गर्ने निकायमा सो विषयको उत्तरदायित्व र जवाफदेहिता रहने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/२५ को निर्णय अनुमोदन गर्ने ।

त्र) माङसेबुङ गाउँपालिकाको 'बाखापालन प्रवर्द्धन कार्यक्रम सञ्चालन कार्यविधि, २०८०' मा देहाय बमोजिम संशोधन गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/२५ को निर्णय अनुमोदन गर्ने ।

देहाय :

(१) दफा ४ (२) : यो कार्यक्रम ७५% साझेदारीमा संञ्चालन गरिने छ (अर्थात् गाउँपालिकाको ७५% र कृषकको र २५% लगानीमा यस कार्यक्रम सञ्चालन गरिने छ)।

(२) दफा ६ : यस स्थानिय तहले कार्यक्रम सञ्चालनको लागि १५ दिने आवेदन मागको सूचना प्रकाशन गरि माग संकलन गर्नुपर्नेछ। पर्याप्त माग पेश हुन नआएमा पुन १५ दिने सूचना गरी माग संकलन गरिनेछ।

(३) दफा ८ (४): बढीमा ५ वटा समूहसम्म छनौट गरिनेछ। १ भन्दा बढी समूहको आवेदन छनौट भएमा प्रत्येक समूहबाट बराबरी सदस्य सहभागी हुने गरी मूल समिति गठन गरिनेछ।

(४) दफा ९ (१) कुल लागतको बढीमा ७५% अनुदान र कम्तीमा २५% को नगदै लागत साझेदारी सम्बन्धित साझेदारले गर्नुपर्नेछ।

| क्र. .स | विवरण | अनुदान रकम | स्व-लगानि | जम्मा |
|---|---|---|---|---|
| १ | खोर निर्माण/सुधार | ७५% | २५% | १००% |
| २ | उन्नत जातको बोका खरिद | ७५% | २५% | १००% |
| ३ | उन्नत जातको पाठी खरिद | ७५% | २५% | १००% |
| ४ | ढुवानी | ७५% | २५% | १००% |
| ५ | फार्मको जैविक व्यवस्थापन सम्बन्धि कार्य | ७५% | २५% | १००% |
| ६ | डिपिङ ट्याङ्क निर्माण | ७५% | २५% | १००% |
| ७ | फार्म व्यवस्थापन औजार उपकरण खरिद | ७५% | २५% | १००% |

त्र, क) स्वीकृत लागत अनुमानका आधारमा रणशार्दूल गण, गढीथुम्का व्याकेर, इलामलाई २० थान ग्याबिन तार उपलब्ध गराउने। सो बापतको रकम 'विपद् व्यवस्थापन' शीर्षकबाट व्यहोर्ने मिति : २०८०/१२/२५ को गाउँ कार्यपालिकाको निर्णय अनुमोदन गर्ने।

ज्ञ) माङ्सेबुङ गाउँपालिकालाई चालू आ. व. २०८०/०८१ मा प्राप्त नेपाल सरकारको विशेष अनुदान अन्तर्गत माङ्सेबुङ गाउँपालिका, वडा नं. २ र ६ मा निर्माणाधीन खानेपानी योजना 'मिक्लाजुङ खानेपानी योजना, माङ्सेबुङ गा. पा. वडा नं. २ र ६ (चित्रे खोला मुहान)', ठेक्का नं. (MRM/NCB/WORKS/080/081-04)' अनुसारको कार्य गर्नका लागि मिति २०८०/११/१७ मा माङ्सेबुङ गाउँपालिका र बि. एन. के./महालक्ष्मी J.V. धनकुटाबीच ठेक्का सम्झौता भएको।

उक्त योजनाको कार्य अगाडी बढिरहँदा केही आईटमहरुको परिमाण संशोधन गर्नुपर्ने भएको हुँदा बि. एन .के./महालक्ष्मी J.V. धनकुटाले मिति २०८०/१२/१६ मा भेरिएसन अर्डरका लागि निवेदन पेश गरेको।

शुरुको लागत अनुमान क्रमश: माटो काट्ने काम १७७ घ. मि., ढुङ्गाको गारो लगाउने काम (१:६) को ३.११ घ. मि. र जि. आई. पाईप (65 & 80 mm व्यास) को १३२२ मिटर भएको हुँदा उक्त आईटमहरुको BOQ को परिमाण

बमोजिम क्रमशः माटो काट्ने काम ७२३.०५ घ. मि., ढुङ्गाको गारो लगाउने काम ३१.८९ घ. मि. थप गर्नुपर्ने र जि. आई. पाईप (65 & 80 mm व्यास) १९१ मिटर घटाउनुपर्ने देखिएको।

उक्त आइटमको दर विश्लेषण ठेक्का सम्झौता बमोजिम रहने शर्तमा बि. एन .के./महालक्ष्मी J.V. धनकुटा समेत मञ्जुर भए अनुसार माटो काट्ने काम, ढुङ्गाको गारो लगाउने कामको परिमाण थप गर्नुपर्ने र जि. आई. पाईप घटाउनुपर्ने परिमाणको VO1 तयार गरिएको। VO1 अनुसार हुन आउने नयाँ सम्झौता रकम रु.१,७०,५५,७६५.७८ (अक्षरेपी एक करोड सत्तरी लाख पचपन्न हजार सात सय पैंसट्ठी रुपैयाँ अठहत्तर पैसा मात्र) (भ्याट र PS सहित) सुरुको सम्झौता रकमभन्दा २.२८% बढी रहेको। सार्वजनिक खरिद ऐन २०६३, को दफा ५४ र सार्वजनिक खरिद नियमावली २०६४ (एघारौं संशोधन सहित), को नियम ११८ को प्रयोजनार्थ भेरिएसन आदेश जारी गर्ने गाउँ कार्यपालिकाको मिति : २०८०/१२/२५ को निर्णय अनुमोदन गर्ने।

---

*स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम माङसेबुङ गाउँपालिका, गाउँसभाको १४ औं अधिवेशनबाट पारित भएको व्यहोरा माङसेबुङ गाउँसभा सञ्चालन कार्यविधि २०७४ को दफा २२ (१) ले दिएको अधिकार बमोजिम प्रमाणित गर्दछु।*

..................

हेमन्त राई

(अध्यक्ष)

माङसेबुङ गाउँपालिका

इलाम